# मालिका गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
अर्खावाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


च.नं....................
प.सं.: २०८१/०८२

मिति २०८१/०८/ २५
ने.स ११४५ थिंलाध्व

राष्ट्रिय परिचयपत्र दर्ता शिविर संचालनको समय थप सम्बन्धी सूचना ।

जिल्ला प्रशासन कार्यालय गुल्मीको सहजीकरणमा मिति २०८१।०८।१३ गते देखि २०८१।०८।२५ गते सम्म मालिका गाउँपालिकाको कार्यालय अर्खावाङ्ग गुल्मीमा राष्ट्रिय परिचय पत्र दर्ता संचालन भएकोमा सेवाग्राहिहरुको चापँलाई मध्यनजर गरी पुनः ३ दिन थप गरी मिति २०८१/०८/२८ गते सम्म शिविर सञ्चालन गरिने हुँदा यस भन्दा अघि राष्ट्रिय परिचय पत्र बनाउन छुट भएका सम्पूर्ण नागरिकले तपशिल बमोजिमको कागजात सहित स्वंयम उपस्थित हुनुहुन अनुरोध छ।

तपशिलः

- नेपाली नागरिकताको सक्कल प्रमाणपत्र।
- राहदानी लिएको भएमा सोको सक्कल प्रति।
- बसाई सराई भई आएको भएमा बसाई सराई प्रमाण पत्रको सक्कल प्रति।
- विवाहितको हकमा नागरिकतामा पति वा पत्नीको नाम उल्लेख नभएको भएमा विवाह दर्ताको सकल प्रमाण पत्र।
- अपाङ्गता भएको हकमा अपाङ्गता परिचय पत्रको सक्कल प्रमाण पत्र।
- एकल महिला / पुरुष (विधवा / विदुर) को हकमा पति पत्नि मृत्यु दर्ताको सक्कल प्रमाण पत्र।
- सम्बन्ध विच्छेद भएको हकमा सोको सक्कल प्रमाण पत्र।
- गुल्मी जिल्लामा पञ्जिकरण सुरु २०४७।०१।०१ गते भन्दा अधिको हकमा विवाह दर्ता नभएको तथा नागरिकतामा पति/पनिको नाम उल्लेख नभएमा सम्बन्धित वडाबाट विवाह दर्ता खुल्ने सिफारिस पत्र।
- नागरिकतामा जन्म मिति स्पष्ट उल्लेख नभएको हकमा जन्म मिति स्पष्ट उल्लेख भएको नेपाल सरकारबाट प्रमाणित कुनै परिचय पत्र हुनुपर्नेछ ।
- २०५८ साल भन्दा पछि बनेका नागरिकतामा होलोग्राम स्टिकर अनिवार्य रुपमा हुनुपर्नेछ ।

(सार्वजनिक विदा तथा शनिबारको दिन सेवाउपलब्ध हुने छैन ।

०८१/०८/२५

प्रमुख प्रशासकिय अधिकृत
कमल वहादुर क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत